म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्षः१५ अङ्कः- २३० २०८१ असार २८ गते शुक्रबार 12 July 2024, Friday - पृष्ठ ४ मूल्य रु. ५/-

**आकस्मिक सेवा अवरुद्धबारे नेपाल टेलिकम हेटौंडाको सूचना**

नेपाल टेलिकम हेटौंडाबाट वितरित NTFTTH सेवाको जडान उपकरणहरुमध्ये केहि उपकरणहरुमा मिति २०८१/०३/२५ गते बेलुकादेखि आकस्मिक समस्या आई केहि ग्राहकहरुको NT Fiber सेवा अवरुद्ध हुन गएकोमा उक्त सेवाहरु हाल सञ्चालनमा आईसकेको व्यहोरा जानकारी गराउँदै प्राविधिक सेवा अवरुद्ध भई ग्राहक वर्गमा पर्न गएको असुविधा प्रति कम्पनी क्षमाप्रार्थी छ।

नेपाल टेलिकम, हेटौंडा

# बागमतीको मुख्यमन्त्रीमा बहादुर कि बानियाँ ?

समाज संवाददाता

हेटौंडाः सत्ता राजनीति गठबन्धन परिवर्तनसँगै केन्द्रदेखि प्रदेशसम्म सरकार फेरबदलको गृहकार्य भइरहेको छ। केन्द्रमा नयाँ सरकार निर्माण भएलगत्तै प्रदेशहरुमा पनि सो क्रम सुरु गर्ने तयारीमा दलहरु सक्रिय रहेका छन् ।

सरकार गठन गर्ने उद्देश्यअनुसार असार २४ गते बागतमी प्रदेशमा एमालेले माओवादी केन्द्रसँगको सत्ता साझेदारी त्यागेर सरकारबाट बाहिरिएको छ भने माओवादी केन्द्रका संसदीय दलका नेता एवम् प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेल अल्पमतमा परेका छन् ।

मुख्यगरी केन्द्रमा वर्तमान सरकारको समीकरणबाट अलग भएर नेकपा एमालेले कांग्रेससँगको साझेदारीमा सत्तारोहण गर्दैछ । सोहीअनुसार कांग्रेस एमालेको गठबन्धनमा प्रदेश सरकार गठन गर्नेगरी नेताहरु लागि परेका छन् । दुबै दलले मधेश प्रदेशबाहेक ३/३ वटा सरकारको नेतृत्व गर्नेगरी अन्य प्रदेशमा सत्ता साझेदारी गर्ने सहमति बनाएका छन् । जसअनुसार बागमती प्रदेश सरकारको भाग कांग्रेसको पक्षमा परेको छ ।

संघीयता कार्यान्वयनको ७ वर्षे अवधिमा बागमती प्रदेशमा पहिलो पटक कांग्रेसले सरकार निर्माण गर्ने अवसर कांग्रेस-एमाले गठबन्धनले जुराएको छ । यसअघि एमाले, एकीकृत समाजवादी र माओवादीले सरकारको नेतृत्व गरेको बागमतीमा पहिलो पटक कांग्रेस सत्तारोहणको संघारमा पुगेको हो । ७ वर्षमा एमालेका २, एकीकृत समाजवादी र माओवादी केन्द्रका १/१ गरी ४ मुख्यमन्त्री पाएको बागमतीले केही दिनमै पाँचौं मुख्यमन्त्री पाउने निश्चितप्रायः रहेको छ ।

५ औं मुख्यमन्त्री कांग्रेसबाट हुने निश्चित भएपनि को हुने भन्ने अन्योलता देखिएको छ । सरकारको नेतृत्व कांग्रेसले गर्ने भएसँगै मुख्यमन्त्रीका लागि २ नेताहरु सक्रिय बनेका हुन् । कांग्रेस संसदीय दलका नेता बहादुर सिं लामा र अघिल्लो कार्यकालका संसदीय दलका नेता तथा कांग्रेस बागमती प्रदेश सभापति इन्द्रबहादुर बानियाँ मुख्यमन्त्री बन्ने दौडमा रहेका छन् । दुबै नेताहरु प्रदेश सरकारको नेतृत्व हाँक्ने उद्देश्यअनुसार सक्रिय भएका छन् ।

दुबै नेताहरु काठमाडौं केन्द्रित रहेर सक्रिय ढंगबाट पार्टी केन्द्रमा लविङ बढाइरहेका छन् । नेताहरु समूहगतरुपमा रणनीति निर्माणसँगै कांग्रेस सभापति शेरबहादुर देउवासँगको भेटघाटमा रहेका छन् । उनीहरु पार्टीका शक्तिशाली नेतृत्वको साथमा सभापति देउवासँग भेट गर्ने र प्रदेशको अवस्थाको ब्रिफिङ गर्न सक्रिय भएको एक नेताले बताउनुभयो । उहाँका अनुसार प्रदेश सरकारको नेतृत्व सशक्त बनाउने गरी केन्द्रबाट तयारी भएको र कसको नेतृत्वमा सरकार बनाउने भन्ने विषयमा निर्णय भएको छैन । सरकार गठनका विषयमा केन्द्रमा सामान्य छलफल भए पनि निकास दिने गरी छलफल हुन नसकेको उहाँको भनाइ छ ।

## सहज छैन लामा र बानियाँलाई

कांग्रेसको प्रदेशसभा संसदीय दलको विधानअनुसार संसदीय दलको नेता मुख्यमन्त्री हुने व्यवस्था छ । प्रदेशसभा संसदीय दलको विधानको दफा ६ को उपदफा १० मा पार्टीले प्रदेश सरकार गठन गरेको अवस्थामा नेताले नै नेतृत्व गर्ने भनिएको छ । सोही विधानअनुसार अघि बढ्ने हो भने नेता लामाको विकल्प अरु छैनन् । तर, पछिल्लो समय उनको प्रस्तुति कमजोर भएको र संसदीय दलको भूमिका सशक्त बन्न नसकेको गुनासो बढ्दो छ ।

पछिल्लो पटक प्रदेश सरकारमा र हँदा र प्रतिपक्षमा रहँदा कांग्रेसको भूमिका उचित हुन नसकेको भन्दै दलको नेता परिवर्तनको चर्चासमेत चलेको थियो । प्रदेशको राजनीतिक अवस्थाका कारण नेता लामालाई मुख्यमन्त्री बन्न सहज देखिँदैन ।

बानियाँ पक्षका सांसदले पार्टीका लागि पटक-पटक त्याग गरेकाले बानियाँलाई मुख्यमन्त्री बनाउनु पर्ने तर्क गरेका छन् । उनीहरुले गठबन्धनमा सरकार बनाउँदा अघिल्लो पटक आलोपालो सरकार बनाउने लिखित सहमति भए पनि पार्टीका लागि बानियाँले त्याग गरेको उनीहरुको भनाइ छ ।

बानियाँ निकट एक सांसदका अनुसार विगतमा कांग्रेसको भूमिका कमजोर भएको र त्यसमा दलको नेताले भूमिका खेल्न नसकेको भन्दै आलोचनासहित दलको नेता परिवर्तनको मुद्धासमेत उठेको थियो । तर, राजनीतिक अवस्थाका कारण उक्त मुद्धा अघि बढ्न नसकेको उहाँले बताउनुभयो । भूमिका कमजोर हुँदा संसदीय दलको बैठक र संसदमा नेता बानियाँको खोजीसमेत भएको उहाँले बताउनुभयो ।

प्रदेश सरकारको नेतृत्वमा पनि भूमिका कमजोर हुने र निर्णायक क्षमतामा अन्य दलहरु हावी हुने आशंका रहेको उहाँको भनाइ छ । सोहीअनुसार प्रदेशको मुख्यमन्त्री चयनमा उचित निर्णय गर्नुपर्ने उहाँले बताउनुभयो । कांग्रेस नेतृत्वको सरकारको निर्णायक क्षमताका लागि पार्टी केन्द्रले महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने उहाँले बताउनुभयो । नेता लामाबाट प्रदेश सरकारचल्न नसक्ने र त्यसका लागि दलको नेता परिवर्तन वा अन्य विकल्प खोजी गरेर बानियाँलाई मुख्यमन्त्री बनाउनुपर्ने उहाँको भनाइ छ ।

यता, नेता लामा पक्षका सांसदका अनुसार तत्काल संसदीय दलको नेता परिवर्तन सम्भव छैन । विधानअनुसार नै सरकारको नेतृत्व दलको नेताले गर्ने उहाँको भनाइ छ । कांग्रेस आफ्नो विधानविपरित जान नसक्ने र लामा नै मुख्यमन्त्री बन्ने उहाँको दावी छ । दलको नेता नै फेर्ने योजना भएको खण्डमा भने पार्टी केन्द्र नै निर्णायक रहने उहाँले बताउनुभयो ।

कांग्रेस सांसद एवम् प्रदेश मामिला समितिका सभापति छिरिङ दोर्जे लामाले सरकारको नेतृत्वका लागि दुबै नेताहरुको सम्भावना रहेको बताउनुभयो । दुबै नेताहरु सक्रिय भएर सरकार गठनका लागि लविङ गरिरहेको उहाँको भनाइ छ । सरकारको भूमिका सशक्त बनाउने सोच केन्द्रले राखे बानियाँ र विधानअनुसार अघि बढ्ने तयारी गरे लामा मुख्यमन्त्री बन्ने उहाँको भनाइ छ ।

उहाँका अनुसार विगतको सरकारमा कांग्रेस प्रतिपक्षमा रहँदा र एक वर्ष सरकारमा रहँदा कांग्रेसको भूमिका कमजोर देखिएको थियो । आफूसहित कांग्रेसका सांसदहरु प्रभात तामाङ, कुन्दनराज काफ्लेलगायतको सक्रियताले संसदीय भूमिका खुम्चिन नदिएको उहाँले बताउनुभयो । प्रदेश सरकारको आगामी आर्थिक वर्षको बजेटमाथिको छलफलका क्रममा पनि कांग्रेसका सांसदहरुले सशक्त भूमिका खेलेर वर्तमान सरकारलाई ट्र्याकमा ल्याएको सभापति लामाले बताउनुभयो । सरकारलाई सशक्त र निर्णायक बनाउन क्षमतावान र भिजन भएका सांसदलाई मुख्यमन्त्री बनाउनुपर्ने उहाँको भनाइ छ । नागरिकको अपेक्षा पूरा गर्ने र आवश्यकताका आधारमा काम गर्ने व्यक्ति सरकारमा जानु पर्ने उहाँले बताउनुभयो ।

# हेटौंडा अस्पतालमा लिकेजले बिजोग



समाज संवाददाता

हेटौंडाः हेटौंडा अस्पतालको विभिन्न स्थानमा लिकेजको समस्या देखिएको छ । असार मसान्तमा परिरहेको भारी वर्षाले अस्पतालको भिडियो एक्सरे गर्ने कोठा बाहिर ठूलो लिकेज भएको हो । अस्पतालले पर्खाल बनाएर रोक्ने कोसिस गर्दा पनि पानी नथेगिएको अस्पतालका मेडिकल सुपरिटेडेन्ट श्रीधर अर्यालले बताउनुभयो ।

अस्पतालको छतमा हेटौंडा उपमहानगरपालिकाले निर्माण कार्य गरिरहेको छ । निर्माण कार्य सम्पन्न नभएका कारण पानी लिकेज भएको अर्यालको भनाइ छ । अस्पतालले पालिकालाई सिमेन्ट लगाउन भनिसकेको बताउँदै अर्यालले सिमेन्ट लगाउन पानीले बाधा उत्पन्न गरिरहेको जानकारी दिनुभयो । अस्पतालको अन्य स्थानमा पनि सानो लिकेज भइरहेको छ ।

# कांग्रेसले माग्यो बागमतीका मुख्यमन्त्रीको राजीनामा

काठमाडौंः नेपाली कांग्रेसले बागमतीका मुख्यमन्त्री शालिकराम जम्कट्टेलको राजीनामा माग गरेको छ । बागमती प्रदेशसभाको पहिलो दल कांग्रेसले बिहीबार विज्ञप्ति निकालेर मुख्यमन्त्री जम्कट्टेलको राजीनामा माग गरेको हो ।

नेकपा एमालेका मन्त्रीहरुले राजीनामा बुझाएको र समर्थन फिर्ता लिएकाले सरकार अल्पमतमा परेको कांग्रेस संसदीय दलका नेता बहादुर सिंह लामाले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । जम्कट्टेल नेतृत्वको सरकार अल्पमतमा परेको र कामचलाउ अवस्थामा पुगेको कांग्रेसले जनाएको छ । कामचलाउ सरकारले महत्वपूर्ण निर्णय गर्न उपयुक्त नहुने लामाले विज्ञप्तिमा लेखेका छन् । राजनीतिलाई सहजरुपमा अघि बढाउन र सहमतीय सरकार गठन गर्न मार्गप्रशस्त गरिदिन कांग्रेसले आग्रह गरेको छ । १७ असारमा कांग्रेस र एमालेबीच भएको सहमतिअनुसार बामगती सरकारको नेतृत्व कांग्रेसले गर्नेछ । अहिले माओवादी केन्द्रका नेता जम्कट्टेलले सरकारको नेतृत्व गरेका छन् । *(स्रोतः अनलाइनखबर)*






## सम्पादकीय

# प्रकोप व्यवस्थापनमा ध्यान पुगोस्

अहिले मनसुन सक्रिय भएर वर्षा भइरहेको छ । मनसुन न्यूनचापीय प्रणाली सरदर स्थानबाट नेपालतर्फ सरेकाले धेरै ठाउँमा भारी वर्षा भइरहेको छ । जल तथा मौसम विज्ञान विभागको मौसम पूर्वानुमान महाशाखाले आगामी तीन दिन भारीदेखि अति भारी वर्षा हुने चेतावनी जारी गर्दै उच्च सतर्कता अपनाउन अनुरोध गरेको छ । महाशाखाले तीन दिनका लागि ४३ जिल्लालाई उच्च जोखिम र २६ जिल्लालाई मध्यम जोखिमको सूचीमा राखेको छ । हाल मनसुन न्यून चापीय रेखा पश्चिममा सरदर स्थानको आसपास र पूर्वमा सरदर स्थानभन्दा पूर्वतर्फ अर्थात् नेपालको दक्षिण सिमाना आसपास छ । उक्त रेखा बुधबार रातिबाट अझै नेपालतर्फ सर्ने सम्भावना भएकाले बिहीबारदेखि शनिबारसम्म नेपालमा मनसुन सक्रिय हुने महाशाखाको पूर्वानुमान छ । गत शुक्रबार राति र शनिबार दिनभर परेको वर्षाले देशका धेरै भूभागमा प्रभाव पारेकोमा अहिले भइरहेको वर्षाले पनि देशका सबै क्षेत्रमा प्रभाव पारेको छ ।

नेपालमा यस वर्ष औसतभन्दा बढी वर्षा हुने जल तथा मौसम विज्ञान विभागले यसअघि नै बताइसकेको छ । अहिले भइरहेको वर्षाले विभागको पूर्वानुमानलाई पुष्टि गर्ने सम्भावना देखिएको छ । उसै पनि नेपाल मनसुनजन्य प्रकोप जोखिम क्षेत्र हो । नेपालको भौगोलिक वनावट र धेरै खोला, नदी भएका कारण मनसुनी वर्षाबाट उत्पन्न हुने प्रकोपको उच्च जोखिममा रहेको हो । नेपालको पश्चिमी सीमा कञ्चनपुरमा गत आइतबार र सोमबार “रेकर्ड ब्रेक” वर्षा भएको छ । कञ्चनपुरको दोधारास्थित स्वचालित वर्षा मापन केन्द्रमा चौबीस घण्टाको अवधिमा ६२४ मिलिमिटर वर्षा रेकर्ड भएको थियो । यो नेपालमा वर्षा मापन थालेयताकै सबैभन्दा धेरै वर्षाको रेकर्ड हो । अहिले पनि देशभर पानी परिरहेकाले विभिन्न क्षेत्रमा डुबान, कटान, बाढी, पहिरोले जनजीवन प्रभावित भएको छ । वर्षाका कारण धेरै सडकमार्ग अवरुद्ध भएका छन् ।


नेपालमा मनसुन भित्रिएको पछिल्लो एक महिनाभित्र मनसुनजन्य प्रकोपका कारण ८८ जनाको मृत्यु भएको छ । देशका विभिन्न स्थानमा आएको बाढी, पहिरोलगायत विपद्मा परेर १०६ जना घाइते भएको गृह मन्त्रालयले जनाएको छ । बिहीबार दिउँसोसम्म विपद्मा परी कोशी प्रदेशमा १९ जना, मधेशमा ४, बागमतीमा ६, गण्डकीमा २५, लुम्बिनीमा २३, कर्णालीमा ४ र सुदूरपश्चिम प्रदेशमा ७ गरी ८८ जनाको मृत्यु भएको छ । बाढी, पहिरोमा परी ६ जना बेपत्ता भएका छन् । विपद्का घटनाबाट ३ हजार ४६२ घरपरिवार विस्थापित भएका छन् । अहिले पनि देशव्यापीरुपमा पानी पर्ने क्रम चलिरहेका कारण यसबाट जनधनको क्षति भइ नै रहेको छ । भौगोलिक अवस्थाका कारण नेपाल बाढी, पहिरोको जोखिमयुक्त क्षेत्रमा पर्ने भएकाले आम नागरिक पनि प्रकोपप्रति सचेत बन्नु आवश्यक छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले यस वर्षको मनसुन अवधिमा १८ लाखभन्दा बढी मानिस प्रभावित हुने अनुमान गरेकाले पनि विशेष सतर्कता अपनाउनुपर्ने देखिन्छ ।

वर्षायाममा बाढी पहिरोको चपेटामा परी सयौंको मृत्यु हुने र हजारौं प्रभावित हुने नियति नेपालीका लागि सामान्य बन्दै गएको छ । प्राकृतिक स्रोतको जथाभावी प्रयोग, अवैज्ञानिक विकास निर्माण, अव्यवस्थित बस्ती विकासजस्ता कार्यले बाढी, पहिरो, कटान तथा डुबानका समस्या बढ्दै गएको छ । वर्षायाममा प्राकृतिक प्रकोपबाट हुने क्षति कम गर्न सम्बद्ध सरकारी निकाय तथा आम नागरिक सजग बन्न जरुरी छ । मौसममा परिवर्तनसँगै आउने विभिन्न प्रकोप रोक्न आवश्यक भए पनि मनसुनी वर्षाका कारण हुने प्रकोप न्यूनीकरणमा विशेष प्रयत्न जरुरी छ । अन्य मौसमी प्रकोपभन्दा वर्षाको समयमा बाढी, पहिरो, डुबान र कटान निश्चितप्राय: रहेको र यसबाट हुने क्षति पनि व्यापक भएकाले यसको उचित व्यवस्थापनमा सरकारको ध्यान जानु आवश्यक छ । सरकारले प्रकोपबाट आफ्ना नागरिकलाई सुरक्षित राख्न आवश्यक संरचना, पूर्वतयारी, उद्धार तथा राहतको व्यवस्थापनमा विशेष ध्यान दिनुपर्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : सामाजिक क्रियाकलापमा मन जाने योग छ ।
**वृष** : धार्मिक एवम् परोपकारजन्य काममा सरिक भइने छ ।
**मिथुन** : काममा प्रगति र सहयोग प्राप्त हुने समय छ ।
**कर्कट** : अरुको विश्वास जित्न सकिने समय योग छ ।
**सिंह** : अध्ययन–अध्यापन ठिकै रहने समय योग छ ।
**कन्या** : सामाजिक एवम् वैदेशिक समस्या हल हुने देखिन्छ ।
**तुला** : व्यापार–व्यवसाय मध्यम फलदायी हुनेछ ।
**वृश्चिक** : घरायसी काममा मन जाने समय योग छ ।
**धनु** : सामाजिक एवम् परोपकारजन्य काममा मन जाला ।
**मकर** : धार्मिक कृत्यमा सरिक भइने समय योग छ ।
**कुम्भ** : कार्यक्षेत्रमा थप लगानी बढाउनुपर्ने समय छ ।
**मीन** : कार्यक्षेत्रबाट प्रशंसा र सम्मान प्राप्त होला ।

# १६ औं पञ्चवर्षीय योजना र आर्थिक चुनौती



**पदम भण्डारी**



‘सुशासन, सामाजिक न्याय र समृद्धि’ नाराका साथ नेपालको १६ औं पञ्चवर्षीय योजना कार्यान्वयनमा आइसकेको छ । ७.३ प्रतिशतको आर्थिक वृद्धिदरको लक्ष्य रहेको १६ औं पञ्चवर्षीय योजनाले तोकेको महत्वाकांक्षी लक्ष्य हासिल गर्न आव २०८१-८२ को बजेट तथा कार्यक्रम तय भएको छ । नेपालले आफ्नो अर्थतन्त्रको व्यापक संरचनात्मक रूपान्तरण गर्न आगामी आवको बजेट तथा कार्यक्रम त्यसतर्फ उन्मुख छ कि छैन भन्ने बहसको विषय बनेको छ ।

दिगो, लचिलो र समावेशी आर्थिक वृद्धिका लागि आधारभूत स्तम्भ विवेकपूर्ण वित्तीय अनुशासन र बलियो समष्टि आर्थिक आधारहरूमा निहित छन् । सत्तापक्षले उत्पादक क्षेत्रमा स्रोतहरूको प्रभावकारी रूपमा बाँडफाँड भएको दाबी गरिरहेको छ भने प्रतिपक्षले त्यसको तालमेल मिलेको छैन भनिरहेको छ । सत्तापक्षले सबै कुरा ठीक देख्नु र प्रतिपक्षले सबै बेठीक देख्नु हाम्रो मुलुकका राजनीतिक दलहरूको आजदेखिको समस्या होइन ।

नेपालमा आर्थिक सुधारले वर्तमान रेमिटेन्समा निर्भर र उपभोगमा आधारित आर्थिक संरचनाको व्यापक परिमार्जनको माग गर्छ । हुन त हामीकहाँ इमानदारीपूर्वक काम गर्ने निजी क्षेत्रको पनि समस्या त छँदै छ, तापनि ज्ञान, नवप्रवर्तन र उत्पादनलाई प्रवर्द्धन गर्ने विद्यमान आर्थिक मोडेललाई थप गतिशीलतामा रुपान्तरण गर्न निजी क्षेत्रलाई विकासको वास्तविक इन्जिन बन्न सक्षम नीति वातावरण आवश्यक छ । यस कुरालाई सहज बनाउनका लागि अल्पकालीन समाधान दृष्टिकोणको विपरीत दीर्घकालीन र फराकिलो दृष्टिकोण महत्वपूर्ण छ । नेपालको अर्थतन्त्रमा केही संरचनात्मक चुनौती छन्, त्यसलाई सम्बोधन गर्ने उचित आधार तय गर्नु जरुरी छ ।

आगामी आवको बजेटको आकार चालु आवको भन्दा २८ प्रतिशतले बढी छ । तर, विगतका वर्षहरूको बजेट उपयोगको अवस्था हेर्ने हो भने ७० प्रतिशतभन्दा बढी छैन । यो हिसाबले बजेटको आकार ठूलो भए पनि खर्च गर्ने क्षमताका हिसाबले त्यति ठूलो फरक देखिँदैन । नयाँ संविधानपछिको सात वर्षमा बजेटको औसत आकार कुल गार्हस्थ्य उत्पादनको ३५ प्रतिशत र वास्तविक कार्यान्वयन कुल गार्हस्थ्य उत्पादनको २८ प्रतिशत रहेको छ ।

नेपालका लागि पुँजीगत खर्च महत्वपूर्ण छ । १६ औं आवधिक योजनामा तोकिएको महत्वाकांक्षी वृद्धि लक्ष्य हासिल गर्ने र न्यून मध्यम आय भएका मुलुकलाई ऋणको जालमा पर्नबाट रोक्न पुँजीगत खर्चलाई उच्चस्तरमा पुर्याउनु जरुरी छ । नयाँ संविधानपछिको सात वर्षमा पुँजीगत खर्चका लागि छुट्ट्याइएको बजेटको ६० प्रतिशतभन्दा कम खर्च भएको छ । यसलाई कम्तीमा ८० प्रतिशत उपयोगमा ल्याउनु जरुरी छ ।

कुल गार्हस्थ्य उत्पादनको कम्तीमा ६ प्रतिशत वृद्धि जरुरी छ । वित्तीय घाटा मध्यम अवधिमा ६ प्रतिशत, जुन विगत सात वर्षयताको औसत घाटा हो, त्यसलाई झारेर ३ प्रतिशतमा ल्याइनु जरुरी छ । राज्यकोषमा घाटाका कारण हालैका वर्षहरूमा राज्यलाई ऋणको भार सात वर्षअघि केवल २३ प्रतिशत थियो भने अहिले बढेर ४० प्रतिशत पुगेको छ । यसबाट अर्थतन्त्रलाई जोगाउन कुल गार्हस्थ्य उत्पादन बढाउनु जरुरी छ । राजस्व व्यवस्थापन नेपालका लागि महत्वपूर्ण चुनौती हो । आयातमा ठूलो गिरावट र समग्र अर्थतन्त्रमा आएको सुस्तताले राजस्व लक्ष्य पूरा गर्न गाह्रो हुनु सरकारका सामु चुनौतीहरू छन् । यसले वित्तीय व्यवस्थापनमा गम्भीर खतरा निम्त्याउन सक्छ ।

देशमा प्रत्यक्ष वैदेशिक लगानी (एफडीआई) भित्र्याउने नीति अवलम्बन गर्नुपर्छ । प्रविधि हस्तान्तरण, बजार पहुँच विस्तार र उच्च दक्षता र क्षमता विकासका लागि प्रत्यक्ष वैदेशिक लगानी आवश्यक छ । प्रत्यक्ष वैदेशिक लगानीले आर्थिक वृद्धि र सामाजिक प्रगतिमा योगदान पुर्याउन सक्ने विशेषज्ञता, पुँजी र बजार सञ्जाल प्रदान गर्दै नेपालको विकासका लागि प्रतिनिधित्व गर्नुपर्छ । यो सम्भाव्यतालाई प्रभावकारी रूपमा उपयोग गर्न नेपालले देशको विकास प्रयासमा लगानीकर्ताको सक्रिय संलग्नतालाई प्रोत्साहन गर्ने नीति अपनाउनुपर्छ ।

यसमा विशेष गरी नेपाली डायस्पोरालाई लक्षित गरी लगानीका प्लेटफर्म सिर्जना गर्ने, सूचना र सहयोग सेवा उपलब्ध गराउने जस्ता पहल समावेश हुन सक्छन् । नेपालमा व्यावसायिक उद्यम र परोपकारी गतिविधिमा उनीहरूको संलग्नतालाई सहज बनाउने नीति अवलम्बन गर्नुपर्छ । यसबाहेक नेपाली डायस्पोराहरूमा आफ्नोपन र गर्वको भावना बढाएर उनीहरूलाई देशको विकास लक्ष्यहरूमा आफ्नो सीप, ज्ञान र स्रोतहरूमा योगदान गर्न प्रोत्साहित गर्नुपर्छ । नेपाली डायस्पोरालाई नेपालको विकास यात्रामा रणनीतिक साझेदारका रूपमा मान्यता दिँदा र तिनीहरूको अर्थपूर्ण सहभागितालाई सहजीकरण गर्दा प्रविधि हस्तान्तरण, बजार विस्तार र क्षमता विकासका सन्दर्भमा महत्वपूर्ण लाभ प्राप्त गर्न सकिन्छ ।

पछिल्ला दुई वर्षमा आर्थिक गतिशीलतामा ऋणले प्रतिकूल प्रभाव परेको छ । त्यसका लागि ऋणमा धेरै ठूलो वृद्धि हुनु हुँदैन । बजारमा कर्जा प्रवाह न्यून छ, जसले लगानी, उपभोग र समग्र आर्थिक गतिविधिमा बाधा पुर्याएको छ । यसले गर्दा मन्दीको स्थिति सिर्जना गरेको छ । हालका संरचनात्मक चुनौतीहरू सम्बोधन भइसकेपछि र अर्थतन्त्र थप उत्पादनशील हुन थालेपछि कर्जाको वृद्धि हुनेछ, जसले आर्थिक वृद्धिलाई विस्तारै अघि बढाउनेछ ।

नेपालमा यस्ता केही परियोजना छन् जुन सेतो हात्तीको रूपमा चित्रित छन् । पोखरा अन्तर्राष्ट्रिय विमानस्थलजस्तो ठूला आयोजनाले त्यसको पुँजी लागतको सापेक्ष वार्षिक प्रतिफल कम हुन्छ । यसको विपरीत सुनकोसी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजना यदि समयमै सम्पन्न हुने हो भने विद्युत् उत्पादन र कृषि उत्पादकत्वका हिसाबले धेरै आर्थिक प्रतिफल दिने सम्भावना छ । भैरहवा र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको असफलता र कहिल्यै सम्पन्न नहुने मेलम्ची खानेपानी आयोजनाको उदाहरण बनेर दीर्घकालीन आर्थिक लाभका आयोजनालाई प्राथमिकतामा राखेर ठूला पूर्वाधार निर्माणका आयोजनामा करदाताको स्रोत छुट्ट्याउनुअघि गहिरो अनुसन्धान र योजना बनाउनु जरुरी छ । मेट्रो, नेपाल-चिन रेलवे, ट्राम, टनेल, सब-वे आदिजस्ता महँगा सार्वजनिक पूर्वाधार आयोजनाहरू सञ्चालन गर्दा स्रोतको दुरुपयोग हुन्छ कि भनेर सतर्कता अपनाउनु जरुरी छ ।

आगामी वित्तीय नीतिले अर्थतन्त्रलाई उच्च वृद्धिको मार्गमा उचाल्न संरचनात्मक सुधारमा जोड दिनुपर्छ । सरकारले आगामी आर्थिक वर्ष (आव) २०८१-८२ को दशकलाई कृषिमा लगानीको दशक घोषणा गरेको छ । यसमा एक दशकभित्र कृषिमा व्यापार सन्तुलन हासिल गर्नका लागि आयात प्रतिस्थापन र निकासी प्रवर्द्धनमा जोड गर्नुपर्छ । एक दशकभित्र श्रम निर्यातबाट सेवा निर्यातमा रुपान्तरण हुनु जरुरी छ । निर्यातका लागि उच्च मूल्यका वस्तुमा अभिवृद्धि र प्राकृतिक स्रोतको अधिकतम उपयोग हुने उद्योगहरूमा लगानी गर्नु जरुरी छ ।

नेपाललाई श्रम निर्यात गर्ने राष्ट्रबाट सेवा निर्यात गर्ने राष्ट्रमा रूपान्तरण गर्नु महत्वपूर्ण छ । त्यसैले डिजिटल पूर्वाधारलाई प्राथमिकतामा राख्नुपर्छ । डिजिटल क्षेत्रको विस्तारले सेवा निर्यातमार्फत आर्थिक वृद्धि गर्न र युवाहरूका लागि रोजगारीका अवसर सिर्जना गर्न सक्छ । डिजिटल सेवा निर्यातमा नेपाली डायस्पोराको भूमिका र योगदानलाई स्वीकार र समर्थन गर्ने नीति अवलम्बन गर्नुपर्छ । यसमा नेपाली डायस्पोरामार्फत विदेशी लगानी प्रवर्द्धन गर्ने र संयुक्त राज्य अमेरिकाजस्ता उल्लेखनीय संख्यामा नेपाली प्रवासीहरुलाई कर छुट सम्झौताहरू वार्ता गर्ने नीति अवलम्बन गर्नुपर्छ ।


सिँचाइ नेपालका लागि सबैभन्दा उत्पादक सार्वजनिक पूर्वाधार लगानी हो । आधारभूत कृषि उत्पादनका लागि आयातमा अत्यधिक निर्भरतालाई ध्यानमा राख्दै एक दशकभित्र करिब १५ लाख हेक्टर जमिनमा सिँचाइ गर्ने योजना कार्यान्वयन गर्नुपर्ने आवश्यकता छ । यस्तो लगानीले यो समय सीमाभित्र कृषिमा परिवर्तन ल्याउन सक्छ ।

नेपालको बेरोजगारीलाई सम्बोधन गर्न नयाँ पहल गर्नु जरुरी छ । त्यसका लागि मानव पुँजी विकास गर्न राष्ट्रिय स्तरमा सीपमूलक उपाय अपनाउनुपर्छ । विद्यालयस्तरदेखि नै सीपमूलक शिक्षा, सीप, तालिमको व्यवस्था, कलेजको डिग्रीको पढाइ सक्दासम्म व्यक्तिको हातमा सीप हुनुपर्छ, जसले गर्दा बजार मागअनुरुप सेवा दिन सकियोस् । सीमान्तकृत समुदायका लागि वैदेशिक रोजगारीका अवसर सिर्जना गर्नुपर्छ । गरिबीको दुष्चक्रलाई रोक्न, काम खोज्ने तर आर्थिक स्रोत नभएका व्यक्तिलाई वैदेशिक रोजगारीका लागि आर्थिक सहायता उपलब्ध गराउनुपर्छ । सरकारले सरकारी बैंक ग्यारेन्टी योजनाअन्तर्गत स्थानीय सरकार, बैंक तथा वित्तीय संस्था र वैदेशिक रोजगार निकायसँगको सहकार्यमा न्यून आय भएका र सीमान्तकृत समुदायका घरपरिवारलाई वैदेशिक रोजगारीको अवसर उपलब्ध गराउनुपर्छ । नेपालको सामाजिक-आर्थिक अवस्था, सांस्कृतिक विभेद र सामाजिक विभेदलाई सम्बोधन गर्ने सबैभन्दा प्रभावकारी माध्यम रेमिटेन्स भएकाले सरकारले पुस्तौंदेखिको गरिबीको जालो तोड्न यो नीति अपनाउनुपर्छ ।

सूचना प्रविधि र नवप्रवर्तनको क्षेत्रमा नेपालमा दक्ष जनशक्ति तयार गर्नु जरुरी छ । नेपाल विश्वव्यापी रूपमा डिजिटल मूल्य श्रृंखलाको हिस्सा बन्न चाहन्छ भन्ने सन्देश दिनुपर्छ । यसले निजी लगानी आकृष्ट गर्दै र श्रम निर्यातबाट सेवा अर्थतन्त्रमा रूपान्तरण गर्दै महत्वपूर्ण प्रभाव पार्नेछ । विभिन्न कारणले अर्थव्यवस्थामा परेको प्रतिकूल प्रभावलाई न्यून गर्दै अर्थतन्त्रलाई सबल र गतिशील गराउने सरकारको प्रयासमा सबैको सकारात्मक सहयोगको खाँचो छ । अर्थतन्त्रलाई सामान्यीकरण गर्ने हतारमा समस्याको जडलाई यथावत् राख्ने गल्ती गरे ढिलो-चाँडो देश आर्थिक संकटोन्मुख हुनेछ । हाम्रो समस्याको समाधान यही अप्ठेरो परिस्थितिभित्रैबाट खोज्नुपर्छ ।

*(स्रोत: कारोबारदैनिक)*

# मुटुरोगले मात्र छाती दुख्दैन, यस्ता छन् १० कारण



**डा. रन्जितकुमार शर्मा**



बारम्बार वा एक्कासि छाती दुख्नु सामान्यदेखि गम्भीर स्वास्थ्य समस्याको कारणले हुनसक्छ । त्यसैले छातीमा कुनै प्रकृतिको दुखाइ छ भने बेवास्ता गरेर बस्नुहुँदैन । कतिपयले छातीको दुखाइ हुने बित्तिकै मुटुरोग वा हृदयघात हुन लागेको सोच्छन् । हृदयघात बाहेक अन्य रोगहरू जस्तै फोक्सो, पेट, मांसपेशीको समस्या वा मुटुको वरिपरिको तहमा समस्या हुँदा पनि छाती दुख्न सक्छ । छातीमा दुखाइसँगै आउने लक्षणले मात्र कुन समस्याले दुख्यो भनेर यकिन गर्न सकिन्छ ।

**के कस्ता कारणले छाती दुख्छ ?**

छाती दुख्ने मुख्य कारण हृदयघात हुनसक्छ । कुनै कारणवश मुटुको मांसपेशीले पर्याप्त मात्रामा अक्सिजनयुक्त रगत नपाउँदा छातीको बायाँ छेउमा वा मध्यभागमा दुखाइ महसुस हुन्छ ।

यससँगै छातीमा गह्रुङ्गो वस्तुले थिचेको वा राखेको, खलखल पसिना आउने, डर लागेको जस्तो हुने र बिस्तारै बाँया

...बाँकी पृष्ठ ३ मा

# बालबालिकामा रोगको मुख्य कारण कुपोषण

समाज संवाददाता

हेटौंडाः बालबालिकालाई हुने विभिन्न रोगको मुख्य कारण कुपोषण रहेको बताइएको छ । पोषणयुक्त खानेकुरा नखाएका बालबालिकालाई कुपोषणसहित अन्य स्वास्थ्य समस्या धेरै देखिने गरेको बताइएको हो ।

कुपोषण भएमा बालबालिकालाई छिटो रोग लाग्छ भने अन्य बालबालिकाको तुलनामा जटिल पनि हुन्छ । मकवानपुर जिल्लामा कुपोषण संक्रमणका बालबालिकाहरु बढि देखिइरहेका छन् । तथ्याङ्कअनुसार चालु आर्थिक वर्ष २०८०/०८१ को जेठसम्म जिल्लाका १० वटा पालिकामा २ सय २५ जना बालबालिकालाई कुपोषण भएको छ ।

चालु आर्थिक वर्षमा जिल्लाको हेटौंडा उपमहानगरपालिकामा २३ जना, मकवानपुरगढी गाउँपालिकामा ७ जना, इन्द्रसरोवर गाउँपालिकामा ३० जना, बकैया गाउँपालिकामा १३ जना, भीमफेदी गाउँपालिकामा २० जना, बागमती गाउँपालिकामा १८ जना र मनहरी गाउँपालिकामा ४ जनालाई कुपोषण भएको बताएको छ। यस्तै, कैलाश गाउँपालिकामा ६ जना र राक्सिराङ गाउँपालिकामा एक सय ४ जना बालबालिकालाई कुपोषण भएको जनस्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ ।

जनस्वास्थ्य कार्यालय मकवानपुरको फोकल पर्सन बासु रिमालका अनुसार स्वास्थ्यकर्मीहरुलाई कुपोषणसम्बन्धी ७ दिने तालिम दिने गरिएको छ । यस्तै, पालिकाको ओटीसी सेन्टरमा माग भएअनुसार कुपोषणको उपचार गर्ने खाना आरओटिएफ वितरण गरेको रिमालले बताउनुभयो। पालिकाले आफैँ कुपोषणको विभिन्न कार्यक्रम आयोजना गर्ने गरेको उहाँको भनाइ छ ।

मकवानपुरगढी गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख ध्रुव लामिछानेले मध्यम कुपोषण भएका ७ जना बालबालिकाको आमभञ्ज्याङ स्वास्थ्य चौकी र मकवानपुरगढी स्वास्थ्य चौकीमा उपचार भइसकेको बताउनुभयो । यस्तै, मनहरी गाउँपालिकाले पोषण रोकथामसम्बन्धी विद्यालय शिक्षा कार्यक्रम गरेको स्वास्थ्य शाखा प्रमुख रामचन्द्र दाहालले बताउनुभयो । उहाँको अनुसार पालिकाले ५ वर्ष मुनिका करिब ३ हजार ५ सय बालबालिकाको पोषण स्क्रिनिङ गरेको छ ।

ईन्द्रसरोवर गाउँपालिकाले उपाध्यक्ष पोसिलो कार्यक्रमअन्तर्गत गर्भवतीलाई एक क्रेट अण्डा र पोसिलो खानेकुरा दिने गरेको पालिकाको स्वास्थ्य शाखा प्रमुख मन्नुनाथ अधिकारीले बताउनुभयो । पालिकाले ओटीसी सेन्टर सञ्चालन गरेको छ। उहाँका अनुसार मध्यम कुपोषण भएका बालबालिकाको उपचार गर्ने गरेको र कडा कुपोषणलाई हेटौंडा रिफर गर्ने गरिएको छ ।

पहिलेको तुलनामा अहिले कुपोषणका बिरामी बढिरहेको हेटौंडा अस्पतालका बालरोग विषेशज्ञ डा. राजु सेढाइले बताउनुभयो। बालबालिकाको तौल नबढ्ने वा धेरै बढ्ने, खाना खान मन नलाग्ने, सुक्ने वा फुल्ने, छिटो बिरामी पर्ने यसको लक्षण हुन्। बालबालिकाको उचाइअनुसार तौल हुनुपर्ने डा. सेढाइले बताउनुभयो ।

बालबालिकालाई जन्मेको ६ महिनासम्म आमाको दूधमात्र खुवाउनु पर्छ । ६ महिनापछि मात्र पोसिलो खानेकुरा खुवाउनु पर्छ। अस्पतालले भर्ना भएका बालबालिकालाई निःशुल्क दूध दिने गरेको छ । बालबालिकालाई कुपोषण हुनबाट बचाउन पोसिलो खानेकुरामा धेरै ध्यान पुऱ्याउनु पर्छ। बालबालिकालाई कुपोषण हुनेबित्तिकै जाँच गराउन आवश्यक हुन्छ । कुपोषण भएका बालबालिकामा वृद्धि कम हुने, दिमागको विकास नहुने, सानो रोग पनि ठूलो हुने र सामान्य भन्दा मृत्युको दर छिटो र बढि हुने डा. सेढाइले बताउनुभयो ।

आर्थिक वर्ष २०८०/०८१ मा हेटौंडा अस्पतालमा ५ हजार ५ सय ११ जना बालबालिकाले कुपोषण भए नभएको सम्बन्धी स्क्रिनिङ जाँच गराएका छन् । अस्पतालले कुपोषण भएको तर कुनै पनि रोग नलागेको बालबालिकालाई भर्ना नगर्ने बाल वार्डकी नर्स सविना प्रधानले बताउनुभयो । हेटौंडा अस्पतालमा चालु आर्थिक वर्ष २०८०/०८१ मा ३२ जना बालबालिकालाई भर्ना गरेको थियो । अस्पतालमा साउन महिनामा ३ जना, भदौ महिनामा २ जना, असोज र मंसिर महिनामा एक-एक जना, फागुन महिनामा ३ जना, चैत महिनामा ३ जना, बैशाख महिनामा १० जना, जेठ महिनामा ६ जना र असार महिनामा ३ जना भर्ना भएका थिए ।

अहिले कोही पनि भर्ना नभएको नर्स प्रधानले बताउनुभयो । नेपाल सरकारले निःशुल्क गरेको औषधी, अनुसन्धानलगायतका पोषण खानेकुरा अस्पतालले बालबालिकालाई प्रदान गरेको छ । अस्पतालले भर्ना भएका बालबालिकालाई जानेबेलामा एक जोर कपडा दिने गरेको प्रधानले बताउनुभयो।

कुपोषण भएका बालबालिकाको उपचार गर्ने कार्य सरकारले गर्ने गरेको जिल्ला समन्वय समितिका अध्यक्ष ललित घलानले बताउनुभयो । जनसमुदायले स्वास्थ्य कार्यालयसँग सो भएमा समन्वय गर्नुपर्छ । सम्बन्धित पालिकाले घरघरमा पोषणयुक्त खानेकुरा पठाउने बताउँदै उहाँले पालिकाले बजेट काटेर भए पनि कुपोषण भएका बालबालिकालाई सेवा सुविधा पुऱ्याउनु पर्ने बताउनुभयो । कुपोषणलाई घटाउन सबैको दायित्व हुन्छ। अनिवार्य सेवा सुविधा दिन समितिले समन्वय गरेर भूमिका निर्वाह गरेको र गर्ने घलानले बताउनुभयो ।

# नयाँ सरकारका लागि दाबी पेश गर्ने तयारी

काठमाडौंः नेपाली कांग्रेस र नेकपा एमालेका नेताहरु नयाँ सरकार गठन प्रक्रियालाई चाँडो टुंग्याउन लागिपरेका छन् । उनीहरुले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले आज शुक्रबार संसदमा मत विभाजन नगरी राजीनामा दिन सुझाएका छन् । मत विभाजन भए परिणाम आएलगत्तै दुई तिहाई सांसदको हस्ताक्षरसहित शीतल निवास जाने तयारी छ ।

संसदका दुई ठूला दल कांग्रेस र एमालेबीच १७ असारमै नयाँ सरकार गठन गर्ने सहमति भएको थियो । लगत्तै दुबै दलले आआफ्नो संसदीय दल र पार्टीको बैठक राखेर राजीनामा दिन प्रधानमन्त्री प्रचण्डलाई आग्रहसमेत गरेका थिए ।

तर, माओवादी केन्द्रका अध्यक्षसमेत रहेका प्रधानमन्त्री प्रचण्डले विश्वासको मत लिन चाहे । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का मन्त्रीहरुलाई फर्काएका प्रधानमन्त्री प्रचण्डले एकीकृत समाजवादीका नेताहरुसँग लगातार छलफलमा गरे र २८ गते प्रतिनिधिसभामा विश्वासको मत लिने निर्णय लिए ।

त्यसको अघिल्लो दिन २७ असारमा आइपुग्दा प्रचण्डसँग आफ्नै दल माओवादीको ३२, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का २१ र एकीकृत समाजवादीका १० गरी जम्मा ६३ मत देखिएको छ । नयाँ गठबन्धनको पक्षमा दुई तिहाई जुटेको छ। दुई ठूला दल कांग्रेस (८८) र एमाले (७९) मिल्नासाथ १६७ हुन्छ, जुन बहुमत (१३८) भन्दा बढी हो। जसपा (७), जनमत (६), जसपा नेपाल (५), लोसपा (४), नाउपा (४) नयाँ गठबन्धनको पक्षमा देखिएकाले दुई तिहाई कट्ने देखिन्छ ।

त्यसैले कांग्रेस र एमालेका नेताहरुले प्रचण्डलाई विश्वासको मत लिने प्रस्ताव पेश गरेपछि पनि मत विभाजन नगरी राजीनामा गर्न आग्रह गरिरहेका छन् । तर, प्रधानमन्त्री प्रचण्डले भने सत्ता साझेदार दलले समर्थन फिर्ता लिएमा एक महिना (३० दिनभित्र)मा विश्वासको मत लिनुपर्ने संवैधानिक व्यवस्था रहेकाले संसद फेस गर्न चाहे ।

प्रधानमन्त्रीले विश्वासको मत नपाए संविधानको धारा ७६ (३) अनुसार संसदको सबभन्दा ठूलो दलका नेता (शेरबहादुर देउवा) को नेतृत्वमा नयाँ सरकार बन्ने माओवादीको दाबी छ। जबकि विगतको अभ्यास र सर्वोच्च अदालतको फैसलाहरुले समेत संविधानको धारा ७६ (२) अनुसार दुई वा दुईभन्दा बढी दलको समर्थन जुटाउने सांसदको नेतृत्वमा सरकार गठन हुने प्रष्ट देखिन्छ ।

तर, प्रधानमन्त्री, उनको दलसँगै केही कानुन व्यवसायीले समेत ७६ (३) अनुसार सरकार बन्छ भन्ने तर्क गरेपछि राष्ट्रपतिले समेत चासो देखाएका थिए । विगतको अभ्यासअनुसार ७६ (२) अनुसार नै सरकार गठनको आह्वान गर्ने पक्षमै छन् । त्यसैले कांग्रेस र एमाले नेताहरुले प्रधानमन्त्रीको पक्षमा ६३ मत भन्दा नकट्ने र अरु कुनै राजनीतिक सम्भावनासमेत नरहेकाले संसद्लाई सम्बोधन गरेर राजीनामा गर्न आग्रह गरि रहेका छन् । त्यसो नगरे संसदमा मत विभाजन भएलगत्तै दुई तिहाई सांसदको समर्थन लिएर शीतल निवास जाने तयारी छ ।

त्यसका लागि कांग्रेस र एमालेले आ-आफ्ना दलका सांसदहरुको हस्ताक्षर संकलन गरिसकेका छन्। साना दलहरुको समेत समर्थन जुटाएर शीतल निवास जाने तयारी छ। राष्ट्रपतिले आह्वान गर्नासाथ जाने कि त्यसभन्दा अगाडि नै भन्ने छलफलमै रहेको एक नेताले बताए । एमालेका कतिपय नेताहरुले नयाँ सरकार गठन गर्न प्रष्ट बहुमत आफूहरुसँग भएकाले राष्ट्रपति लामो प्रक्रियामा गइरहन आवश्यक नपर्ने बताएका छन् ।

'सरकार गठनको आह्वान गर्ने, केही दिन कुरेर बस्ने, अनि पहिले आइसकेकै प्रस्तावबमोजिम सरकार गठन गर्नु संविधानको नाममा अनावश्यक अलमल हो भन्नेमा उहाँहरु हुनुहुन्छ', स्रोतले भन्यो । तर, कांग्रेसमा भने राष्ट्रपतिले आह्वान गरेपछि बहुमतसहित जानुपर्ने र प्रधानमन्त्री नियुक्तिका लागि तोकिएको समयसम्म पर्खिनुपर्छ भन्ने मत बलियो छ । 'यसबारे भोलि नै केही भन्न सकिएला' कांग्रेसका एक पदाधिकारीले भने । *(स्रोतः अनलाइनखबर)*

# विपद्मा परी एक महिनामा ८८ जनाको मृत्यु

काठमाडौंः अविरल वर्षाका कारण गत जेठ २८ गतेदेखि देशका विभिन्न स्थानमा आएको बाढी, पहिरोलगायतका विपद्मा परी बिहीबार दिउँसोसम्म ८८ जनाको मृत्यु भएको छ ।

बाढी, पहिरोलगायतका विपद्मा परी काठमाडौं उपत्यकामा १ जना, कोशी प्रदेशमा १९ जना, मधेस प्रदेशमा ४ जना, बागमती प्रदेशमा ५ जना, गण्डकी प्रदेशमा २५ जना, लुम्बिनी प्रदेशमा २३ जना, कर्णाली प्रदेशमा ४ जना र सुदूरपश्चिम प्रदेशमा ७ जना गरी ८८ जनाको मृत्यु भएको प्रहरी प्रधान कार्यालयले जनाएको छ। साथै, काठमाडौं उपत्यकामा ३ जना, कोशी प्रदेशमा ३१ जना, मधेस प्रदेशमा ७ जना, बागमती प्रदेशमा ४ जना, गण्डकी प्रदेशमा २६ जना, लुम्बिनी प्रदेशमा ९ जना, कर्णाली प्रदेशमा १५ जना र सुदूरपश्चिम प्रदेशमा ११ जना गरी जम्मा १ सय ६ जना घाइते भएका छन् ।

घाइतेहरूलाई उपचारका लागि स्थानीय अस्पताल लगिएको छ । साथै, कोशी प्रदेशमा ४१ जना, गण्डकी प्रदेशमा १२ जना गरी ५३ जनाको उद्दार गरिएको छ। बाढी पहिरोमा परी कोशी प्रदेशमा २ जना, बागमती प्रदेशमा २ जना, गण्डकी प्रदेशमा १ जना र सुदूरपश्चिम प्रदेशमा १ जना गरी ६ जना बेपत्ता भएका छन्। बेपत्ताको खोजी कार्य जारी रहेको प्रहरी जनाएको छ।

बाढीको कारण १ सय ७६ घर डुबानमा परेका छन् । १ सय ६१ वटा घर, ६८ वटा गोठ, ४१ वटा पुल, एउटा विद्यालय र २ वटा सरकारी कार्यालयमा क्षति पुगेको छ । ४ सय ७९ वटा पशु चौपायको मृत्यु भएको छ। उक्त अवधिमा विपद्का घटनाबाट ३ हजार ४ सय ६२ घर परिवार विस्थापित भएका छन् ।

*(स्रोतः रातोपाटी)*

# ४ जना मृत फेला

काठमाडौंः विभिन्न स्थानमा ४ जना मृत अवस्थामा फेला परेका छन् । प्रहरी प्रधान कार्यालयका अनुसार सप्तरीको खडक नगरपालिका-८, बिसनपुरस्थित बाँसको झाङ मुनि जमेको पानीमा सोही ठाउँ बस्ने ४५ वर्षीया रम्भादेवी चौधरी कलवार बिहीबार मृत अवस्थामा फेला परेकी छिन् ।

पाल्पाको माथागढी गाउँपालिका-४, झडेवास्थित झडेवा खोलामा पनि सोही गाउँपालिका-४ बस्ने ७९ वर्षीया पदमकुमारी घर्ती क्षेत्री बिहीबार मृत अवस्थामा फेला परेकी छिन् । यसैगरी पाल्पाकै रम्भा गाउँपालिका-१, सर्दीस्थित कालीगण्डकी नदीको किनारमा हाल नाम, थर, वतन नखुलेका अन्दाजी ५० वर्षीय पुरुष बिहीबार मृत अवस्थामा फेला परेका छन् ।

मोरङको रतुवामाई नगरपालिका-१०, कट्नु नहरमा हाल नाम, थर, वतन नखुलेका अन्दाजी ४१ वर्षीय पुरुष बिहीबार मृत अवस्थामा फेला परेका छन् । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको प्रहरी प्रधान कार्यालयले जनाएको छ। *(स्रोतः रातोपाटी)*

# मुटुरोगले मात्र...

हात र गिजातर्फ दुखाइ सरेमा लगभग हृदयघातको लक्षण हो भन्न सकिन्छ । अनियन्त्रित उच्च रक्तचाप, मधुमेह वा मुटुरोगको कारणले यो समस्या हुनसक्छ ।

हृदयघात आपतकालीन अवस्था हो । जसकारण यस्ता लक्षण देखिएमा तुरुन्तै अस्पताल जाने बन्दोबस्त गर्नुपर्छ ।

**एनजाइना**

एनजाइना कुनै रोग होइन, तर यो एक प्रकारको छाती दुख्ने समस्या हो । मुटुरोगको कारण मुटुका धमनीहरु अवरुद्ध छन् तर हृदयघात भइसकेको छैन भने कडा परिश्रम गर्दा, भऱ्याङ चढ्दा, उफ्रिंदा र कडा कसरत गर्दा छाती दुख्न सक्छ ।

यस्ता क्रियाकलाप हुने बित्तिकै छातीको मध्यभाग र देब्रे भागमा केही राखेको वा कुनै वस्तुले थिचेको जस्तो अनुभव हुनसक्छ । त्यो दुखाइ अन्त सरेको छैन । र, केहीबेर आराम गर्दा हराउँछ भने यो एनजाइना भएको बुझिन्छ । यो त्यति स्थायी होइन, तर यसले हृदयघातको बढ्दो जोखिमलाई संकेत गर्छ ।

हृदयघात हुने बेलामा शतप्रतिशत धमनी अवरुद्ध हुन्छ भने एनजाइनामा ७० देखि ८० प्रतिशत धमनी अवरुद्ध भएको अवस्थामा कडा शारीरिक गतिविधि गर्दा हुनसक्छ ।

यस्तो समस्या लिएर आउनेलाई ट्रेड मिल टेस्ट (टीएमटी) परीक्षण गरिन्छ । जसमा बिरामीलाई कुदाएर मुटुमा भार पारी कस्तो अवस्था छ भनेर हेरिन्छ । जसबाट कस्तो उपचार हुनसक्छ भनेर निर्णय लिन सकिन्छ ।

**मुटुको मांसपेशी सुन्निनु**

कुनै कारणवश मुटुको मांसपेशी सुन्निंदा छातीको बायाँतर्फ दुख्न सक्छ । जुन भाइरल संक्रमणको कारणले हुनसक्छ । बायाँतर्फ दुख्ने, ज्वरो आउने र चिसो अनुभव यसको प्रमुख लक्षण हुन् । ब्याक्टेरिया जहाँ पनि हुनसक्छ। यो हाम्रो शरीरमा पनि हुन्छ र हाम्रो रगतमा पनि । यदि कसैसँग मुटुसँग जोडिएको कुनै सामान्य रोग छ भने बेलाबखत र गतमा भएको ब्याक्टेरिया क्षतिग्रस्त तन्तुमा टाँसिएर बस्छ र एक किसिमको संक्रमणको कारण बन्न सक्छ ।

यसलाई एन्डोकार्डाइटिस पनि भनिन्छ। जब शरीरको कुनैपनि भागबाट पुगेको ब्याक्टेरिया एन्डोकार्डियमसम्म पुग्छ, तब संक्रमणको कारण बन्छ ।

**एरोटिक डिसेक्सन**

एरोटिक डिसेक्सन पनि हृदयघात जतिकै आपतकालीन अवस्था हो। यस्तो अवस्थामा मुटुबाट निस्कने रक्तनली च्यात्तिनु हो । यसलाई एक्युट एरोटिक सिन्ड्रोम पनि भनिन्छ । जसमा छातीको बायाँ र मध्यभागमा दुखाइ भई ढाडको पछाडि सर्दै गएर खलखल पसिना आउन सक्छ । यो दुखाइ छातीमा तीखो छुरा हानेको जस्तो हुन्छ ।

यस्तो अवस्थामा तुरुन्तै अस्पताल लगेर कति भाग च्यातिएको छ, त्यो भाग शल्यक्रिया गरेर सिलाउनुपर्ने हुन्छ । कतिपय अवस्थामा त्यसभागमा पाइप राखेर मात्र बिरामीलाई बचाउन सकिन्छ। यो समस्या रक्तचाप अत्यधिकरुपमा बढ्दा वा भनौं, अनियन्त्रित हुँदा सो रक्तनली तन्किंदै गएर च्यातिने प्रबल सम्भापना हुन्छ । त्यस्तै, केही वंशाणुगत रोग हुने व्यक्तिमा यो समस्या देखिनसक्छ ।

**ओस्टियोकोन्ड्राइटिस**

ओस्टियोकोन्ड्राइटिसको समस्या हुँदा पनि छातीमा दुखाइ हुनसक्छ। वास्तवमा त्यो दुखाइ करङको दुखाइ हो । छातीमा करङ हुन्छ। करङमा कुरकुरे हड्डी हुन्छ। यी सबैलाई मांसपेशीले ढाकेर राखेको हुन्छ।

यस्तोमा जब हामी भारी काम गर्दा, चोटपटक वा सुताइ र बसाइको पोस्चर नमिल्दा छातीमा भएको मांसपेशी र करङ तन्किने वा चोट लाग्ने हुनसक्छ । यस्तोमा सियोले घोचेको जसरी छातीमा दुख्ने र लामो सास लिने र फाल्ने क्रममा दुख्न सक्छ ।

**घाँटीको मेरुदण्ड खिइनु**

घाँटीको पछाडि हुने हड्डी मेरुदण्ड खिइँदा पनि छातीमा दुखाइ हुनसक्छ । जसलाई (सरभाइकल स्पोनडाइलोसिस) पनि भनिन्छ। यही मेरुदण्डबाट नै नसाहरु आउने हो । यो समस्या हुँदा हातमा करेन्ट लागेको जस्तो झमझम हुने, छातीको भाग दुख्ने गर्छ ।

**फोक्सोमा समस्या**

छातीसँगै मुटु र फोक्सो पनि रहेको हुन्छ । यस्तोमा फोक्सोमा समस्या हुँदा छाती दुखेको अनुभव हुनसक्छ। निमोनियाले फोक्सो संक्रमण गराउँदा, लगातार लामो समयसम्म खोकी, फोक्सोमा रगत जम्ने समस्या (पोल्मनेरी इबोलिजम) भएमा पनि छाती दुख्न सक्छ ।

**पेटमा समस्या**

कहिलेकाहीं ग्यास्ट्रिकको समस्याले पनि छाती पोल्ने र दुख्ने हुनसक्छ। हामीले खाएको खानेकुरा मुखदेखि पेटसम्म जाँदा छातीको भाग भएर जान्छ । ग्यास्ट्रिकको समस्या हुँदा पेटबाट निस्किएको अम्ल अन्ननली हुँदै डकारको रुपमा आउँछ । जसकारण छाती पोल्ने र दुख्ने हुन्छ। जुन उपचार र रोकथाम गरेमा निको हुन्छ ।

माथि उल्लेखित लक्षणमध्ये आपतकालीन अवस्था भनेको हृदयघात र एरोटिक डिसेक्सन हो। यस्तोमा तुरुन्त पहिचान र अस्पताल पुऱ्याउनुपर्छ ।

त्यसैले छाती दुख्यो भनेर बेवास्ता गरेर बस्नु हुँदैन । हृदयघात हुन लागेको भनेर आत्तिएर चुप लागेर बस्न हुँदैन । यस्तोमा नआत्तिकन अस्पताल जाने बन्दोबस्त गर्नुपर्छ । ताकि सही समयमा सही उपचार होस् ।

*(शर्मा सिनियर कन्सलटेन्ट कार्डियोलोजिस्ट हुनुहुन्छ । स्रोतः अनलाईखबर)*



# मिलन–धर्मराज स्मृति फुटबलको सेमिफाइनल समीकरण पूरा



समाज संवाददाता

हेटौंडाः प्रथम संस्करणको मिलन-धर्मराज स्मृति फुटबल प्रतियोगिताको सेमिफाइनल समीकरण पूरा भएको छ । मकवानपुरको मनहरी गाउँपालिकामा सञ्चालन भइरहेको प्रतियोगिताअन्तर्गत क्वार्टरफाइनल चरणको अन्तिम खेल सम्पन्न भएसँगै प्रतियोगिताको सेमिफाइनल समीकरण पूरा भएको हो ।

विहीबार गाउँपालिका वडा नम्बर-८ स्थित सिम्पानी मैदानमा भएको अन्तिम क्वार्टरफाइनल खेलमा चितवन जिल्लाको इन्द्रकमल युथ क्लबलाई स्वच्छ पार्दै हासु एफसीले सेमिफाइनलमा आफ्नो स्थान बनाएको छ । इन्द्रकमल युथ क्लबलाई ४-० गोलले हराउँदै हासु एफसीले सेमिफाइनलमा आफ्नो स्थान बनाएको हो ।

हासु एफसीको जीतमा मोहित गुरुङले २ गोल, जीत मगर र अभि लामाले समान एक-एक गोल गरेका हुन् । खेलको म्यान अफ द म्याच दुई गोलकर्ता गुरुङ घोषित भएका छन् ।

प्रतियोगिताअन्तर्गत आज शुक्रबार पहिलो सेमिफाइनल खेलमा आयोजक सिम्पानी युथ क्लब र कैलाश एफसीबीच प्रतिस्पर्धा हुने खेल संयोजक प्रकाश थिङले जानकारी दिनुभएको छ । शनिवार हुने दोस्रो सेमिफाइनल खेलमा हासु एफसीले इन्टरनेट सिटीसँग प्रतिस्पर्धा गर्नुपर्ने संयोजक थिङले बताउनुभयो ।

प्रतियोगिताको उपाधि विजेता टिमले एक लाख रुपैयाँ र उपविजेता टिमले ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । यस्तै विधागत उत्कृष्ट खेलाडीहरुका लागि पनि पुरस्कारको व्यवस्था गरिएको छ । प्रतियोगिताको फाइनल खेल सोमबार हुनेछ ।

# वृद्धभत्ता लिन राष्ट्रिय परिचयपत्र अनिवार्य नगर्ने निर्णय

काठमाडौं: सामाजिक सुरक्षा भत्ता लिन राष्ट्रिय परिचयपत्र अनिवार्य गर्ने निर्णय स्थगित हुने भएको छ । मन्त्रिपरिषद्को विहीबार बसेको बैठकले प्राकृतिक विपतका कारण राष्ट्रिय परिचयपत्र बनाउन असहज भएकाले तत्कालका लागि राष्ट्रिय परिचयपत्र लागू नगर्ने गरी पहल गर्न गृह मन्त्रालयलाई निर्देशन दिएको छ ।

यसअघि सरकारले राजपत्रमा एक सूचना प्रकाशित गरी सबै प्रकारका सार्वजनिक सेवा लिन राष्ट्रिय परिचयपत्र अनिवार्य गरेको थियो । उक्त सूचनाअनुसार सरकारको स्वामित्वमा रहेका निकाय, संस्था तथा निजी क्षेत्रबाट प्रवाह गरिने सार्वजनिक सेवा सुविधा प्राप्त गर्न वा माग गर्न १ साउनदेखि नेपाली नागरिकता प्रमाणपत्रको सट्टा राष्ट्रिय परिचयपत्र पेस गर्नुपर्ने छ ।

जसअनुसार सामाजिक सुरक्षा भत्ता, स्वास्थ्य बीमा, पेन्सन लिन, कर तिर्न, सवारी चालक अनुमति पत्र, कम्पनी दर्ता तथा नवीकरणमा समेत राष्ट्रिय परिचयपत्र अनिवार्य गरेको थियो । तर, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्तिलगायतलाई भत्ता लिन राष्ट्रिय परिचयपत्र अनिवार्य गर्दा भत्ता नै नपाउने अवस्था आउने भन्दै विरोध भएको थियो । (स्रोत: अनलाइनखबर)

# क्यान्सर पीडित गुरुङको परिवारलाई नगद सहयोग




समाज संवाददाता

हेटौंडा: मकवानपुर अधिकृत विक्रेता व्यवसायी संघले ब्लड क्यान्सर पीडित सुस्मिता गुरुङको परिवारलाई नगद सहयोग गरेको छ । विहीबार व्यवसायीको समूहले हेटौंडा-१४, मयूरधापमा बसोबास गर्ने ९ वर्षीया क्यान्सर पीडित सुस्मिता गुरुङको परिवारलाई नगद सहयोग गरेको हो ।

संघका अध्यक्ष अमितकुमार श्रेष्ठले बालिकाको आमा तीर्थकुमारी गुरुङ र बुबा जयबहादुर गुरुङलाई ४२ हजार रुपैयाँ हस्तान्तरण गर्नुभएको हो । संघका सल्लाहकार विजयकुमार श्रेष्ठले क्यान्सर पीडित गुरुङको स्वास्थ्य लाभको कामना गर्दै परिवारजनमा हौसला प्रदान गर्नुभयो । अधिकृत व्यवसायी संघका सचिव अंकित खतिवडाको संयोजकत्वमा सदस्य रुपक वर्णवाल, संघका सदस्यहरुको सहयोगमा १४ नम्बर वडा कार्यालय परिसरमा नगद सहयोग हस्तान्तरण गरिएको छ ।

सो अवसरमा वडा अध्यक्ष दीपक खड्काको पहलमा पीडित परिवारलाई सहयोग गर्न सफल भएको बताइएको छ । पीडित परिवारले पैसाको अभाव परेको कारणले वडासँग गरेको सिफारिस सअनुसार वडाकै पहलमा नगद सहयोग हस्तान्तरण गरेको हो ।

उपचारको क्रममा परिवारलाई केही सहयोग पुगोस् भन्ने अपेक्षा गरेर सहयोग गरिएको संघका अध्यक्ष श्रेष्ठले बताउनुभयो । यसअघि पनि संघले नेपाल रेडक्रस सोसाइटी हेटौंडालाई सहयोग गरेको छ भने हेटौंडा अस्पतालमा उपचारत विपन्न परिवारका बिरामीलाई २५ हजार रुपैयाँ नगद सहयोग गरेको थियो । क्यान्सर पीडित बालिकाको काठमाडौं महानगरपालिकाको सिभिल अस्पतालमा उपचार भइरहेको छ ।

अहिलेसम्म उपचारमा ४० लाख रुपैयाँ खर्च भइसकेको र उपचारका लागि रकमको अभाव भएका कारण वडाको पहलअनुरुप नगद सहयोग गरेको बताइएको छ । वडा अध्यक्ष खड्काले पीडित परिवारलाई सहयोग गरेकोमा संघलाई धन्यवाद दिनुभयो ।

यस्तै, मकवानपुर जिल्ला बक्सिङ संघले पनि पीडित परिवारलाई १९ हजार रुपैयाँ नगद सहयोग गरेको छ । विक्रेता संघले सहयोग गरेपछि बक्सिङ संघका उपाध्यक्ष अनिल दहालले नगद हस्तान्तरण गर्नुभएको हो । बक्सिङ प्रशिक्षक लाल पौडेलले ५ हजार रुपैयाँ र बक्सिङ संघले १४ हजार संकलन गरेर १९ हजार रुपैयाँ सहयोग गरेको उपाध्यक्ष दहालले बताउनुभयो ।

# बाढीपहिरोबाट देशभर १३२ सडक प्रभावित

काठमाडौं: बाढीपहिरोका कारण देशभर एक सय ३२ सडकखण्डको यातायात सेवा प्रभावित भएको छ । सडक विभागको तथ्याङ्कअनुसार विहीबार १३ सडकखण्ड पूर्णरुपमा अवरुद्ध तथा एक सय १९ सडकखण्ड एकतर्फीरूपमा सञ्चालनमा आएका छन् ।

विभागका प्रवक्ता सुनिल पोखरेलका अनुसार बिपी राजमार्ग, पृथ्वी राजमार्ग, पुष्पलाल (मध्य पहाडी) राजमार्गलगायत एक सय १९ सडकखण्डमा एकतर्फीरूपमा यातायात सेवा सञ्चालन भएको छ । डुम्रे-बेँसीसहर-चामे, विराटनगर-इटरी-धरान, तानसेन-रिडी-कोरालालगायत सडकखण्ड पूर्णरुपमा अवरुद्ध छन् ।

जल तथा मौसम विज्ञान विभागले आगामी शनिबारसम्म मुलुकभर वर्षाको सम्भावना रहेकाले बाढीपहिरोको उच्च जोखिम रहेको जनाएको छ । विभागका अनुसार हाल मनसुन न्यून चापीय रेखा पश्चिममा सरदर स्थानको आसपास र पूर्वमा सरदर स्थानभन्दा उत्तरतर्फ (नेपालको दक्षिण भूभाग/सिमाना आसपास) रहेको तथा उक्त रेखा अब नेपालतर्फ सरेकाले विहीबारदेखि नेपाल आसपास क्षेत्रको उपल्लो वायुमण्डलमा पश्चिमी न्यून चापीय प्रणाली विकसित भएको छ । यी दुवै प्रणालीको प्रभावले शनिबारसम्म नै नेपालमा मनसुन सक्रिय हुने सम्भावना रहेको विभागले जनाएको छ ।

देशभर साधारणतया बदली रही कोशी प्रदेश, मधेस प्रदेश, बागमती प्रदेश, गण्डकी प्रदेश र लुम्बिनी प्रदेशका अधिकांश स्थानमा तथा कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशका धेरै स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको विभागले जनाएको छ । साथै सुदूरपश्चिम प्रदेश र कर्णाली प्रदेशका एक-दुई स्थानमा भारी वर्षा तथा कोशी प्रदेश, मधेस प्रदेश, बागमती प्रदेश, गण्डकी प्रदेश र लुम्बिनी प्रदेशका केही स्थानमा समेत भारी वर्षाको सम्भावना छ ।

भू-क्षय, पहिरो तथा गेग्रानको जोखिम रहेको, सहरी तथा तराई क्षेत्रमा डुबानको जोखिम रहेको, ठूला तथा साना नदीनाला र खोलामा पानीको सतह बढ्नसक्ने भन्दै सतर्कता अपनाउन प्रवक्ता पोखरेलले आग्रह गरेका छन् । दैनिक जनजीवन, कृषि, स्वास्थ्य, पर्यटन, सडक तथा हवाई यातायातसमेत प्रभावित हुनसक्ने भएकाले आवश्यक सतर्कता तथा पूर्व तयारी अपनाउन विभागले अनुरोध गरेको छ । (स्रोत: रासस)

# अखिल क्रान्तिकारीका पदाधिकारीलाई प्रमाणपत्र वितरण

समाज संवाददाता

हेटौंडा: अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी) मकवानपुरको २३ औं सम्मेलनबाट नवनिर्वाचित पदाधिकारी एवम् कार्यसमिति सदस्यहरुलाई प्रमाणपत्र वितरण गरिएको छ । विहीबार नेकपा माओवादी केन्द्रको जिल्ला पार्टी कार्यालयमा भएको कार्यक्रममा गत असार १४ गतेको सम्मेलनबाट निर्विरोध चयन भएका जिल्ला कमिटीका पदाधिकारीहरुलाई प्रमाणपत्र वितरण गरिएको हो ।

प्रमाणपत्र वितरणपश्चात् जिल्ला समितिको प्रथम बैठकसमेत सम्पन्न भएको छ । प्रमाणपत्र वितरण तथा बैठकमा नेकपा माओवादी केन्द्र मकवानपुर जिल्ला संयोजक भीम पाखिनको प्रमुख आतिथ्य रहेको थियो । अनेरास्ववियु क्रान्तिकारीका जिल्ला अध्यक्ष बुद्धराज अर्यालको अध्यक्षतामा भएको बैठकले संगठनको नियमित गतिविधि र आगामी कार्ययोजना तयार गर्ने निर्णय गरेको जानकारी कोषाध्यक्ष अनिल बसेलले बताउनुभयो ।

कार्यक्रममा पार्टी जिल्ला सचिव वीरबहादुर घलान ज्वाला, प्रदेश कमिटी सचिवालय सदस्य एवम् विद्यार्थी फ्र्याक्सन इन्चार्ज ललित घलान, नेकपा माओवादी केन्द्रका प्रदेश कमिटीका सदस्य विवेक राई, प्रदेश कमिटी सचिवालय सदस्य शुभरत्न गोले, अखिल क्रान्तिकारी केन्द्रीय उप-महासचिव प्रदिप अर्याल, नेकपा माओवादी केन्द्र हेटौंडा उपमहानगर कमिटी अध्यक्ष तीर्थबहादुर थापा मगर, प्रेस सेन्टर मकवानपुरका उपाध्यक्ष राजकुमार केसी, वाइसीएल हेटौंडा-५ का अध्यक्ष हरि ढकालगायतको आतिथ्य रहेको थियो ।










हेटौंडा रिफरेन्स ल्याबरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराइड
-क्यान्सर
-रक्तअल्पता
-बाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समय: विहान ७:०० बजेदेखि बेलुका ७:०० बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशुल्क र चौथो शनिबार थाइराइड जाँचमा ४० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्याबरोटरी

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ